




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



सवारी साधन चलाउँदा बाटो काट्दा नियमहरु पालन गरौं, आफू पनि जोगिऔं अरुलाई पनि जोगाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❑ वर्ष २२ ❑ अङ्क १२७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ ७ गते शुक्रबार ❑ 21 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## पोखरा महानगरले लेखनाथको भवनबाट कोरोना अस्पताल संचालन गर्ने

### लायन्स क्लवद्धारा ५० वेड सहितको स्वास्थ्य सामाग्री अस्पताललाई सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ जेठ**

पोखरामा दिन प्रतिदिन कोरोना संक्रमण तथा मृत्यु दर बढेसंगै अस्पतालहरुमा कोरोनाका बिरामी भरिएकाले पोखरा महानगरले साविक लेखनाथ नगरपालिकाको भवनमै आगामी एक साता भित्र कोरोना डेडिकेट अस्पताल संचालन गर्ने भएको छ।

साविक लेखनाथको भवन तथा पोखरा २७ मा एक साता भित्र एक सय बेडको कोभिड अस्पताल स्थापना गर्न आफुहरु तयारीमा लागेको पोखरा महानगरपालिकाका मेयर मानबहादुर जिसीले बताए।



महानगरले आन्तरिक ढंगले उक्त अस्पतालमा चिकित्सक, सहितका स्वास्थ्यकर्मीको व्यबस्थापन समेत गरिसकेकोले ढिलोमा जेठ १४ गते भित्र कोरोना डेडिकेट अस्पताल संचालन गरीने भएको मेयर जिसीले हामीलाई बताए । कोरोनाको दोश्रो लहर पोखरा क्षेत्रमा हाल भयाभह अबस्थामा पुगेकोले त्यसलाई मध्यनजर गरी जती सक्दो छिटो निःशुल्क रुपमा आम जनताको सेवा उपलब्ध गराउने गरी उक्त अस्पताल संचालन गर्न लागिएको उनले बताए।

विहीबार लायन्स क्लव अफ इन्टरनेशनल ३२५ वि १ बाट ५० वेड सहितको स्वास्थ्य सामाग्रि प्राप्त गरेसंगै साविक लेखनाथ नगरपालिकाको भबनमा कोरोना आइसोलेसन अस्पताल संचालन गर्न थप सहज भएको मेयर जिसीले जनाए । ४ वटा भेन्टिलेटर सहित हाई फ्लो नजल र अक्सिजन सहितको सेवा उपलब्ध गराउने गरी आफुहरुले हाल आन्तरिक तयारीमा लागेको मेयर जिसीले उल्लेख गरे। उनका अनुसार लायन्स क्लवबाट प्राप्त सहयोग बाहेक उक्त अस्पताल संचालन गर्न महानगरले करिब एक देखि डेढ करोडसम्म पहिलो चरणमा लगानी गर्ने भएको छ। उनले भने "लायन्स क्लवले केही स्वास्थ्य सामाग्री उपलब्ध गराएको छ, त्यसमा हामीले कर्मचारी देखि आन्तरिक तयारी गर्नु पर्ने भएकोले गर्दा ढिलोमा जेठ १३ गते देखि पहिलो चरणमा कम्तिमा ५० वेडको सेवा संचालन हुने गरी तयारीमा जुटेका छौं।"

अस्पतालको भवनमा हाल अक्सिजन पाइप जडान, इलेक्ट्रोनिक, फार्मेसी व्यबस्थापन देखि सौचालयसम्मको व्याबस्थापनको काम अन्तिम चरणमा पुगेको मेयर जिसीका स्वकिय सचिव लक्ष्मण तिमिल्सिनाले बताए।अस्पतालमा १० वेड सेमि आई.सि.यू. सहित ५० वेडको हाई फ्लो नजल र अक्सिजन जडान गरिने भएको उनले जनाए।

यसैबिच, साविक लेखनाथ नगरपालिकामा पोखरा महानगरपालिकाले संचालनमा ल्याउन लागेको एक सय बेडको, कोभिड आइसुलेसन वाड हस्पिटलको लागी लायन्स क्लवले एक समारोहका बिच विहिबार स्वास्थ्य सामाग्रि सहयोग हस्तान्तरण गरेको हो । लायन्स क्लवका सहयोग समितिका संयोजक मोहन बाबु खड्काले मेयर जिसीलाई विहीबार स्वास्थ्य सामाग्रि सहयोग हस्तानतरण गरेका हुन् ।

कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमको सहभागितामा क्लवले उक्त सहयोग हस्तान्तरण गरेको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकीमा १३७२ संक्रमित थपिए, २१ को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ जेठ**

कास्कीमा २४ घण्टामा कास्की जिल्लामा थप ३५३ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

बिहीबार कास्कीमा २१५ जना पुरुष तथा १३८ जना महिला गरी ३५३ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ । पछिल्लो २४ घण्टामा प्रदेशमा तिन हजार २७७ जनाको नमुना परीक्षण गरिएकोमा थप एक हजार ३७२ जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ।

कास्कीका ३५३ सहित स्याङ्जाका ६११ जना, बाग्लुङका ९ जना,पर्वतका १८ जना, म्याग्दीका २१ जना, मुस्ताङका एक जना, तनहुँका ९३ जना, गोरखाका १५६ जना, लमजुङका १६ जना र नवलपुरका ९४ जना गरी प्रदेशका दश जिल्लामा ७५७ पुरुष तथा ६१५ जना महिलामा कोरोना पुष्टि भएको हो। यो सँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको कुल संख्या ३२ हजार ६० पुगेको छ। पछिल्लो २४ घण्टामा ४३३ जना निको भएसँगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या २१ हजार ३९८ पुगेको छ। पछिल्लो २४ घण्टामा गण्डकीमा थप २१ जनाको कोरोना संक्रमणका कारण मृत्यु पुष्टि भएको छ। हालसम्म कोरोना संक्रमणका कारण प्रदेशभर ज्यान गुमाउनेको संख्या ४७४ पुगेको छ।

पोखराका ७ जना, स्याङजाका ४ जना, नवलपुरपूर्व जिल्लाका ५ जना, बाग्लुङ जिल्लाका २ जना, गोरखा जिल्लाका २ जना र तनहुँ जिल्लाका १ जना गरी २१ जनाको कोरोना संक्रमणका कारण पछिल्लो २४ घण्टामा गण्डकी प्रदेशमा निधन भएको छ। प्रदेश स्वास्थ्य निर्देशनालय पोखराका अनुसार उनीहरु मध्ये १९ जना विभिन्न अस्पतालहरुमा उपचारको क्रममा तथा १ जनाको होम आइसोलेसन र १ जनाको अस्पताल लैजाँदै गर्दा निधन भएको हो।

## संक्रमण निको हुने दर ७५.१ प्रतिशत

**रासस**
**काठमाडौं, ६ जेठ**

पछिल्लो २४ घण्टामा आठ हजार ३०५ मा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पिसिआर र एन्टिजेन बिधिबाट कूल २२ हजार ८७ मा गरिएको परीक्षणमा उक्त सङ्ख्यामा सङ्क्रमित फेला परेका हुन् । मन्त्रालयको विवरणअनुसार २१ हजार ६९५ पिसिआर परीक्षण गरिएको थियो भने ३९२ एन्टिजेन परीक्षण गरिएको थियो। छ हजार ५४३ जना भने निको भएका छन्।

नेपाली सेनाले विभिन्न मितिमा गरेको शव व्यवस्थापनसहित १९० को निधन भएको छ। आजको विवरणसहित हालसम्म कूल पाँच हजार ८४७ को निधन भएको छ। कूल चार लाख ८८ हजार ६४५ कोरोना पोजेटिभ हुँदा तीन लाख ६६ हजार ९४६ जना भने निको भएका छन् । यस आधारमा निको हुने दर ७५.१ प्रतिशत रहेको छ। कोरोनाको दोस्रो लहरपछि कोरोना पोजेटिभ हुनेको सङ्ख्या एक लाख १५ हजार ८५२ पुगेको मन्त्रालयले जनाएको छ । काठमाडौं उपत्यकाका तीन जिल्ला मध्ये काठमाडौंमा सक्रिय सङ्क्रमितको सङ्ख्या २४ हजार ३८९ रहेका छन्। कुल एक लाख ४६ हजार २८६ निको हुँदा एक हजार ३२६ जनाको निधन भएको छ । भक्तपुरमा चार हजार ७८३ सक्रिय सङ्क्रमित छन् भने १२ हजार ४७३ निको भएका छन्। यस्तै २६२ को मृत्यु भएको छ। ललितपुरमा छ हजार ८९५ सक्रिय सङ्क्रमित छन् भने २२ हजार १३ जना निको भएका छन् । सो जिल्लामा ३४७ को मृत्यु भएको छ कोरोना सङ्क्रमणका कारणले हालसम्म तीन चिकित्सकको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा. समिर कुमार अधिकारीले सङ्क्रमणबाट कोभिड-१९ विरुद्ध अग्रपंक्तिमा काम गर्ने क्रममा डा ईश्वरलाल आचार्य, डा मुकेश चौधरी र डा पुज्याश्री कार्कीको निधन भएको जानकारी दिए।

मन्त्रालयले ती दिवंगत चिकित्सक प्रति गहिरो दुःख व्यक्त गरेको छ । हालसम्म सङ्क्रमबाट पाँच हजार ८४७ को मृत्यु भइसकेको छ।

## राष्ट्रपतिबाट धारा ७६ (५) बमोजिम प्रधानमन्त्रीका लागि आह्वान

**रासस**
**काठमाडौं, ६ जेठ**

राष्ट्रपति विद्यादेवी भण्डारीले सरकारले विश्वासको मत लिन सक्ने राजनीतिक आधार नभएको भनी प्रधानमन्त्रीका आग्रहका आधारमा नेपालको संविधानको धारा ७६ को उपधारा ५ बमोजिम नयाँ सरकार गठनका लागि आह्वान गर्नुभएको छ। राष्ट्रपति भण्डारीले प्रधानमन्त्री नियुक्तिको प्रयोजनका लागि यही जेठ ७ गते साँझ ५ बजेभित्र प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गर्न प्रतिनिधिसभाका सदस्यलाई आह्वान गर्नुभएको हो।

गत वैशाख २७ गते विश्वासको मत लिने प्रधानमन्त्री ओलीको प्रस्ताव प्रतिनिधिसभाको बहुमतबाट अस्वीकृत भएपछि संविधानको धारा ७६ को उपधारा २ बमोजिम प्रतिनिधिसभाका दुई वा दुईभन्दा बढी दललाई नयाँ प्रधानमन्त्रीमा दावी गर्न आह्वान गरिएकामा पेश नभएपछि वैशाख ३० गते राष्ट्रपतिले संविधानको धारा ७६ (३) बमोजिम प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्य भएको संसदीय दल नेकपा (एमाले) का अध्यक्ष ओलीलाई प्रधानमन्त्रीमा पुनः नियुक्त गर्नुभएको थियो। यसरी नियुक्त प्रधानमन्त्रीले एक महिनाभित्र विश्वासको मत लिनुपर्ने व्यवस्था रहेकामा 'हाल विकसित राजनीतिक परिस्थितिमा वर्तमान सरकारलाई विश्वासको मत प्राप्त हुने दह्रो राजनीतिक आधार नदेखिएको, वैशाख २७ गतेको भन्दा स्थितिमा तात्विक अन्तर नदेखिएको र मुलुकलाई अन्योलमा राख्न उचित नभएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## 'सात मन्त्रीलाई निरन्तरता दिनु असंवैधानिक'

**रासस**
**काठमाडौं, ६ जेठ**

सर्वोच्च अदालतले वर्तमान सरकारमा रहेका सात मन्त्रीलाई निरन्तरता दिनु असंवैधानिक भएको ठहर गरेको छ । प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको आजको एकल इजलासले सांसद नै नरहेका व्यक्तिलाई मन्त्रीको हैसियतबाट कुनै पनि काम नगराउन अन्तरिम आदेश जारी गरेको हो । गत वैशाख ३० गते तेस्रो पटक प्रधानमन्त्री नियुक्त भएपछि प्रधानमन्त्री ओली नेतृत्वका सरकारमा रहेका तर सांसद नरहेका रामबहादुर थापा, टोपबहादुर रायमाझी, लेखराज भट्ट, गौरशंकर चौधरी, प्रभु साह, मणिचन्द्र थापा र दावा तामाङको मन्त्री पद असंवैधानिक भएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सञ्चार माध्यममा अपाङ्गता मैत्री सूचना र सामग्री प्रयोग गर्न आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ जेठ**

कोभिड १९ को महामारीमा अपाङ्गता भएका व्यक्तिहरु थप जोखिममा रहेको भन्दै उनीहरुको आवाजलाई सञ्चार माध्यमले प्राथमिकता दिन अपाङ्गमैत्री सूचना सामग्री प्रयोग गर्न सरोकारवालाहरुले आग्रह गरेका छन्।

स्वावलम्बन जीवनपद्धति केन्द्र-पोखराले कोभिड महामारीमा अपाङ्गता भएका व्यक्तिहरुको अवस्था र मिडियाको भूमिका विषयक भर्चुअल अन्तक्रिया कार्यक्रममा सहभागीहरुले विभिन्न कारणले अपाङ्गगता भएकाहरुको अधिकारलाई स्थापित गर्न सञ्चार माध्यमले अपाङ्गमैत्री शब्द र सामग्री प्रयोग गर्न आग्रह गरेका हुन् । दृष्टिविहीन पत्रकार एवं कास्की नेत्रहीन संघका अध्यक्ष श्रीकान्त सापकोटाले सम्बन्धित विषयमा कार्यपत्र प्रस्तुत गर्दै सञ्चार माध्यममा अझै पनि अपाङ्गता भएका समुदायलाई होच्याउने र विभेद गर्ने खालका शब्दहरू प्रयोग गरिएका समाचारहरु प्रकाशन प्रसारण हुँदै आएको बताउनुभयो । आम नागरिकलाई सुसूचित गराउने सशक्त माध्यम र सञ्चारकर्मीले अपाङ्गतामैत्री भाषाकोप्रयोगनगरिदिँदायसक्षेत्रका व्यक्तिको आत्मसम्मानमा चोट पुग्न गएको उहाँको भनाइ थियो। उहाँले शारीरिक अङ्ग वा प्रणालीमा भएको समस्या तथा कठिनाइको आधारमा १० प्रकारको अपाङ्गता भएको जानकारी दिनुभयो। उहाँका अनुसार शारीरिक अपाङ्गता, दृष्टिसम्बन्धी अपाङ्गता, दृष्टिविहीनता, न्यूनदृष्टियुक्त, पूर्ण दृष्टिविहीन, सुनाइसम्बन्धी अपाङ्गता, बहिरा, सुस्त श्रवण, श्रवण दृष्टिविहीन अपाङ्गता, स्वर र बोलाइ सम्बन्धी अपाङ्गता, मानसिक वा मनोसामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता, अनुवंशीय रक्तश्राव (हेमोफिलिया), अटिज्म सम्बन्धी अपाङ्गता, बहुअपाङ्गता रहेको छ।

केन्द्रका अध्यक्ष हेमबहादुर गुरुङले शारीरिक मानसिक बौद्धिक वा इन्द्रिय सम्बन्धी दीर्घकालिन असक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अपाङ्गता भएकाहरुको जनजीवन सहज हुन नसकेको बताउनुभयो । उहाँले अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभाकारी ढङ्गले समाजिक जीवनमा सहभागी हुन बाधा भएको यथार्थ प्रस्तुत गर्दै सञ्चारमाध्यमा अपाङ्गताका मुद्दाहरुलाई प्राथमिकता दिन आग्रह गर्नुभयो । उक्त भर्चुअल कार्यक्रममा सहभागी हुँदै संस्थाका परियोजना अधिकृत लोकप्रसाद ढकालले सञ्चार माध्यममा पर्याप्त सांकेतिक भाषा प्रयोग नभएको, टेलिभिजनका आएका क्याम्पसनहरु अपाङ्गता भएका व्यक्तिहरूले देख्ने र बुझ्न खालको नभएको बताउनुभयो। केन्द्रका महासचिव अञ्जना केसीले अपाङ्गता भएका व्यक्तिहरुको समाचार सञ्चार माध्यममा आए पनि अझै गम्भीर समस्या समेटिएका कथा व्यथाहरू बाहिर आउन नसकेको बताउनुभयो । सञ्चार माध्यमका सूचना अधिकांश अटिज्म, बहु अपाङ्गता भएका, बहिरा समुदाय र बौद्धिक अपाङगता भएका व्यक्तिहरुको पहुँचमा पुग्न नसकेको उहाँको भनाइ थियो। केसीले कार्यक्रममा विभिन्न सञ्चार माध्यमका बीस जना पत्रकारहरुले अपाङ्गता सम्बन्धी प्रयोग हुने शब्दावली एवं त्यसको अर्थ र अपाङ्गगता सम्बन्धी अधिकारका विषयमाथिको छलफलमा सक्रिय सहभागित जनाएको जानकारी दिनुभयो। यस अघि केन्द्रले महामारीका समयमा सूचना, सञ्चार र सेवासुविधामा अपाङ्गता भएका व्यक्तिहरुको पहुँचको अवस्था सम्बन्धी सर्वेक्षणको प्रतिवेदन सार्वजनिक गरेको थियो।




# कोभिड–१९ को संक्रमण रोकथाम र उपचारका लागि बृहत् कार्ययोजना ल्याउन माग

**रासस**
**काठमाडौं, ६ जेठ**

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले कोभिड–१९ को संक्रमण रोकथाम र उपचारका लागि बृहत् कार्ययोजना माग गर्दै दलका तर्फबाट प्रधानमन्त्री केपी शर्मा ओलीको ध्यानाकर्षण गराउनुभएको छ।

सभापति देउवा नेतृत्वको कांग्रेस प्रतिनिधिमण्डलले आज प्रधानमन्त्री ओलीलाई भेटेर कोभिड–१९ को नियन्त्रणका लागि १५ बुँदे कार्ययोजनासहितको ज्ञापनपत्र बुझाएको हो । कांग्रेसले कोरोनाको हालको संक्रमण र भविष्यमा नयाँ भेरियन्टबाट हुन सक्ने तेस्रो चरणको संक्रमणबाट जनतालाई सुरक्षित राख्न तत्काल खोपको सुनिश्चितता गर्न, कूटनीतक पहल तीव्र पार्न र खोप आपूर्ति बिचौलियारहित तथा पारदर्शी ढंगबाट गर्न माग गरेको छ । कोरोनाको पहिलो चरणमा स्वास्थ्य सामग्री आपूर्तिमा देखिएको भनिएको अनियमितता, भ्रष्टाचार तथा अहिले खोप आपूर्तिमा देखिएको भनिएको कमिशनतन्त्रको सम्बन्धित निकायबाट स्वतन्त्र रूपमा छानबिन गर्नुपर्ने कांग्रेसको माग छ। त्यस्तै हाल देखिएको अक्सिजन अभाव हटाउन कन्सेन्ट्रेटर, प्लान्ट र सिलिण्डरको तत्काल आपूर्ति सुनिश्चित गरी पारदर्शी वितरणको व्यवस्था मिलाउनुपर्ने कांग्रेसको ज्ञापनपत्रमा उल्लेख छ।

सबै जिल्लामा आवश्यकतानुसार शय्या, अक्सिजन, सघन उपचार कक्ष र भेन्टिलेटरसहितको अस्पताल र आवश्यक स्वास्थ्यकर्मीको व्यवस्था तत्काल गर्नुपर्ने पार्टीको माग छ । संक्रमणको तेस्रो लहरले बालबालिकासमेत गम्भीर रूपमा प्रभावित हुने विज्ञले प्रक्षेपण गरिरहेका स्थितिमा तिनलाई जोगाउने विशेष सचेतना अभियान चलाउन कांग्रेसले प्रधानमन्त्रीसँग आग्रह गरेको छ।

कन्ट्याक्ट ट्रेसिङका आधारमा बढीभन्दा बढी पिसिआर परिक्षणको व्यवस्था गर्नुपर्ने र स्वाब संकलनका लागि घुम्ती टोलीको व्यवस्था गरी छिटो परिक्षणको नतिजा दिने व्यवस्था मिलाउनुपर्ने ज्ञापनपत्रमा उल्लेख छ । निजी अस्पतालले उपचार शुल्क र हेलिकोप्टर कम्पनीले रेस्क्यु सेवा शुल्क अत्याधक लिने गरेको गुनासोमा ध्यान दिन आग्रह गर्दै सरकारले नियमन र सहुलियतको व्यवस्था लागु गर्नुपर्ने कांग्रेसको माग छ । कांग्रेसले अक्सिजनलगायत अन्य आवश्यक औषधिको आपूर्तिमा देखिएको कार्टेलिङ, कालोबजारी र जम्माखोरीलाई तत्काल रोक्न तथा कोभिड–१९ बाट प्रभावित समुदायलाई आर्थिक राहत प्याकेजको व्यवस्था गर्न पनि माग गरेको छ । हरेक प्रदेशमा सुविधासम्पन्न अस्पताल र हरेक जिल्लामा न्यूनतम सुविधायुक्त स्वास्थ्य पूर्वाधारको सुनिश्चितता गर्नुपर्ने र आइसोलेशनमा रहेका संक्रमितको मनोबल उच्च राख्न स्वास्थ्य तथा मनोवैज्ञानिक परामर्शका लागि स्वास्थ्य परामर्श सेवा हटलाइनको व्यवस्था गर्नुपर्ने कांग्रेसको सुझाव छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा प्राविधिक स्वास्थ्य सचिव तत्काल नियुक्त गर्न र कोभिड–१९ संकट व्यवस्थापन केन्द्रका ठाउँमा प्रभावकारी संयन्त्रको व्यवस्था मिलाउनसमेत कांग्रेसले माग गरेको छ । यसैगरी स्थानीय तहलाई आवश्यक साधन, स्रोतको व्यवस्था गरी संक्रमणको प्रभावकारी रोकथाम, कन्ट्याक्ट ट्रेसिङ, संक्रमितको आइसोलेशन, प्रारम्भिक स्वास्थ्य परामर्श र उपचारको पहुँचमा पुऱ्याउने व्यवस्थाका लागि जिम्मेवारी दिन माग गरिएको छ।

सीमा नाका र अन्तरराष्ट्रिय हवाई उडानबाट हुने आवतजावतलाई पिसिआर परिक्षण र अन्य कोभिड–१९ मापदण्डको सुदृढ व्यवस्थापनका आधारमा नियमन गर्नुपर्ने र विदेशमा जाने श्रमिकको परीक्षणमा गरिएको कार्टेलिङको अन्त्य गर्नुपर्ने कांग्रेसको माग छ । स्वास्थ्यकर्मीलाई घोषणा गरिएको बीमा र जोखिम भत्ताको समयमा सुनिश्चितता नहुँदा अहोरात्र खट्ने स्वास्थ्य र सफाइकर्मीमा उत्साह थप्न नसकिएको जनाउँदै कांग्रेसले यसलाई तत्काल सम्बोधन गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको छ।

# पश्चिमाञ्चल अस्पताललाई कोभिड अस्पताल बनाउन सिफारिस

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ जेठ**

गण्डकी प्रदेश सरकारले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको प्रदेशकै सबैभन्दा ठूलो सरकारी अस्पताल पश्चिमाञ्चल क्षेत्रीय अस्पताललाई कोभिड अस्पताल बनाउन सिफारिस गरेको छ।

नवगठित मन्त्रिपरिषद्को बुधबार साँझ बसेको बैठकले सो अस्पताललाई कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार अस्पताल बनाउनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरेको मन्त्री तथा सरकारका प्रवक्ता रामशरण बस्नेतले जानकारी दिनुभयो । अहिले सो अस्पतालका ५० शय्यामा कोरोनाका बिरामीको उपचार हुँदै आएको छ। मन्त्रिपरिषद् बैठकले सरकारको प्रवक्तामा मन्त्री बस्नेतलाई चयन गरेको छ । यसैगरी प्रदेश तथा नीति तथा योजना आयोगको उपाध्यक्षमा डा गिरधारी शर्मा र सदस्यमा डा विष्णुराज बराललाई निरन्तरता दिएको छ । मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको राजीनामा लगत्तै उहाँहरु पनि पदमुक्त हुनुभएको थियो। मुख्यमन्त्री गुरुङको राजनीतिक सल्लाहकारमा लमजुङको सुन्दरबजार नगरपालिका-३ निवासी डा भीष्म अधिकारीलाई नियुक्तिको निर्णय गरेको बताइन्छ। बैठकले प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७४ लाई संशोधन गरी मन्त्रालयहरु फेरबदल गर्ने निर्णय गरेको थियो। विगतमा मुख्यमन्त्रीसहित सात मन्त्रालय रहेकामा यसअघि सामाजिक विकास मन्त्रालय फुटाएर युवा तथा खेलकूद मन्त्रालय बनाइएको थियो । अहिले पुनः तीन मन्त्रालय थप गरेर मन्त्रालयको सङ्ख्या ११ पुऱ्याइएको छ। मन्त्रिपरिषद् बैठकले प्रदेश सरकारको कार्यविभाजन नियमावलीलाई संशोधन गरेर मन्त्रालयको सङ्ख्या वृद्धि गरेलगत्तै प्रदेश प्रमुख सीताकुमारी पौडेलले मौजुदा मन्त्रिपरिषद्मा हेरफेर गरी कार्यविभाजन गर्नुभएको थियो।

# नवनियुक्त मन्त्री लम्सालद्वारा पदभार ग्रहण

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ जेठ**

गण्डकी प्रदेशका नवनियुक्त वन, वातावरण तथा भू-संरक्षणमन्त्री विकास लम्सालले बिहीबार पदभार ग्रहण गर्नुभएको छ । मन्त्रालयमा आयोजित एक समारोहका बीच पदभार ग्रहण गर्दै उहाँले जनताले अनुभूति गर्ने किसिमको सेवा प्रवाह गर्नु अहिलेको आवश्यकता भएको बताउनुभयो।

कोरोना महामहारीले विश्व आक्रान्त बनाइरहेको वर्तमान परिवेशमा स्वास्थ्य मापदण्ड पालना गर्दै चालु आर्थिक वर्षको कार्यक्रम कार्यान्वयनमा उच्च प्रगति हासिल गर्नेतर्फ सरकार क्रियाशील बन्ने उहाँले बताउनुभयो । आगामी आर्थिक वर्ष २०७८/७९ को बजेट तर्जुमाको चरणमा रहेको हुनाले जिल्लाका सन्तुलन, रोजगारी सिर्जना, कोरोनाबाट प्रभावितलाई राहत हुने प्राकृतिक प्रकोप न्यूनीकरण र आर्थिक समृद्धिमा योगदान हुने खालका कार्यक्रम समावेश गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

युवा, विपन्न, वेरोजगार, कोरोना प्रभावित एवं सामाजिक आर्थिकरूपमा पछाडि परेका वर्ग तथा क्षेत्रको उद्यमशीलता विकासका लागि व्यावसायिक, सीपमूलक र रोजगारमूलक तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिँदै उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारणमा टेवा पुऱ्याइने उहाँले बताउनुभयो। प्रदेश सरकारले यसअघि राखेका योजना तथा लक्ष्यलाई प्राथमिकताका साथ अघि बढाउने बताउँदै मन्त्री लम्सालले त्यसका लागि सबैको साथ र सहयोग आवश्यक हुनेमा जोड दिनुभयो । सरकारले एक वडा एक वनवाटिका र एक स्थानीय तह एक हरित उद्यान कार्यक्रम समुदायमा आधारित वनको संरक्षण, उत्पादन वृद्धि र संस्थागत सुदृढीकरणजस्ता कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउने मन्त्री लम्सालले स्पष्ट पार्नुभयो।

पदभार ग्रहण समारोहमा मन्त्रालयका सचिव डा महेश्वर ढकाल, विभिन्न विभागीय प्रमुख तथा कर्मचारीले मन्त्री लम्साललाई स्वागत गर्नुभएको थियो।

# कास्की काँग्रेसको सक्रियता, विपतमा जनताको साथ रहने प्रतिवद्धता

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ जेठ**

कोरोना महामारीसँगै अब हुन सक्ने प्राकृतिक विपतका बेला जनताको साथमा रहने प्रतिवद्धतासहित कसरी जनतासँग जोडिने भन्ने विषयमा नेपाली काँग्रेस कास्कीले छलफल शुरु गरेको छ।

कास्कीका ६ वटै प्रदेश सभाका नेता तथा कार्यकर्तासँगै छलफल गरी विपत्मा जनतासँग कसरी जोडिने भन्ने विषयमा निर्णय गरिने कास्की काँग्रेसका सभापति कृष्ण केसीले जानकारी दिए । अहिलेको कोराना महामारी र वर्षा मौसयामसँगै हुन सक्ने बाढीपहिरो जस्ता घटनामा धनजनको क्षति हुँदा जनतालाई कसरी सहयोग र राहत दिन सकिन्छ भनेर कास्की काँग्रेस गम्भीर रुपमा छलफलमा जुटेको कास्की काँग्रेसका प्रवक्ता नवीन सिग्देलले बताए।

कास्की काँग्रेसले बिहीबार नेपाली काँग्रेस क्षेत्र नं १(क) कास्कीबाट छलफल शुरु गरेको छ। 'कास्की काँग्रेसका सभापति कृष्ण के.सीको पहलमा छलफल शुरु भएको छ, कास्की काँग्रेसका प्रवक्ता सिग्देलले भने, छलफलबाट प्राप्त सुझावका आधारमा जिल्ला कार्यसमितिको बैंठकले आवश्यक निर्णय गर्ने छ ।' छलफलमा नेपाली काँग्रेका पूर्व महामन्त्री तारानाथ रानाभाट, केन्द्रीय सदस्य जीवन परियार, पूर्व मन्त्री यज्ञ बहादुर थापाले जिम्मेबार पार्टी जनतालाई समस्या पर्दा सहयोगमा जुट्नुपर्ने भन्दै कास्की काँग्रेसले कोरोना महामारीको समयमा प्रशंसनीय कार्य गर्दै आएको बताए । यस अघि वैशाख २६ गतेको जिल्ला कार्यसमितिको बैठकले कोरोना संक्रमित विरामीको सहजताका लागि निःशुल्क एम्बुलेन्स सेवा संचालन गर्ने निर्णय गरेको थियो । सोही निर्णय अनुसार जेठ १ गतेदेखि एम्बुलेन्सले सेवा दिइरहेको छ।

एम्बुलेन्स सेवाका लागि कास्की काँग्रेसका सचिव देवेन्द्र रानाभाटको मोवाइल नम्बर ९८४६०२६७६६ रमूख्य कार्यालय सचिव विजयराज अधिकारीको मोवाइल नम्बर ९८५६०५४२२२ मा सम्पर्क गर्न सक्नु हुनेछ।

## राष्ट्रपतिबाट...

हुँदा वैकल्पिक सरकार गठनका लागि मार्गप्रशस्त गर्न उपयुक्त देखिएका'ले प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया आरम्भ गर्न नेपाल सरकार मन्त्रिपरिषद्को आजको बैठकबाट निर्णय भएको र सोबमोजिम प्रधानमन्त्रीले आग्रह गर्नुभएकाले राष्ट्रपतिले उक्त आह्वान गर्नुभएको राष्ट्रपतिको कार्यालयका सहायक प्रवक्ता केशवप्रसाद घिमिरेले जारी गर्नुभएको विज्ञप्तिमा जनाइएको छ। नयाँ आह्वानबमोजिम सरकार गठन हुन नसकेमा मुलुकमा मध्यावधि निर्वाचनका मिति तोक्नुपर्ने हुन्छ।

# राष्ट्रियसभा निर्वाचनमा डा देवकोटा विजयी

**रासस**
**काठमाडौं, ६ जेठ**

राष्ट्रियसभा सदस्यको उपनिर्वाचनमा स्वतन्त्र उम्मेदवार डा डा खिमलाल देवकोटा विजयी भएका छन्।

बिहीबार भएको मतदानमा डा देवकोटाले पाँच हजार ८८ र नेकपा (एमाले)का रामबहादुर थापाले चार हजार १४ मतभार प्राप्त गरेका छन् । त्यस्तै नेपाल मजदूर किसान पार्टीका कृष्णबहादुर तामाङले १३२ मतभार प्राप्त गरेका निर्वाचन आयोग स्रोतले जनाएको छ।

## पोखरा...

हो । लायन्स क्लवले स्थानिय रुपमा विभिन्न व्यत्ति तथा संघ संस्थाको सहयोगबाट करिब ५० लाख मुल्य बराबरको सहयोग गरेको लायन्स क्लवका डिष्ट्रिक गर्भनर मन बहादुर रोकाले बताए । स्थानिय सहभागिता अनुसार महानगरको ११ लाख लगानी सहितमा लायन्स क्लवले पुनः करिब ३२ लाख मुल्य बराबरका ३ थान भेन्टिलेटर, हाई फुलु नजल र ४/५ वटा लक्जरीएस वेड समेत सहयोग गर्ने भएको उनले जनाए।

कोभिड अस्पताल पश्चात भविश्यमा वालवालिका केन्द्रित अस्पताल निर्माण भएसंगै भोलिका दिनमा समेत क्लवले सहयोग गर्ने भएको डिष्ट्रिक गर्भन रोकाले जनाए । क्लवले काठमाण्डौंमा जनमैत्रि अस्पतालमा १० लाख मुल्य बराबरको हाई फ्लो नजल मेसिन सहितको स्वास्थ्य सामाग्रि सहयोग गरेको उनले जनाए । कोभिडको लागि काठमाण्डौंमा हसन गोपाली र पोखरा क्षेत्रको सहयोग समितिको संयोजकमा मोहन बाबु खड्का रहेको रोकाले जनाए।

क्लवले साविक लेखनाथमा निर्माण हुने कोभिड अस्पताललाई मेडिकल वेड जनरल २५ थान, मेडिकल वेड डिलक्स १५ थान, मेडिकल वेड मिनि आई.सि.यू. १० थान, हेड आई. भि. पोल ३५ थान, अटोक्लेभ मेसिन एक थान, वेड म्याट्रेक्स र सिरानी ५० थान, बेड साइड लकर ३५ थान अक्सिजन अन्सल्टेटर मेसिन ९ थान, क्रयास काट ट्रलि २ थान र ओभर वेड टेवल १५ थान र वेड सिट एक सय थान सहयोग हस्तान्तरण गरेको क्लवले जनाएको छ।

क्लवले उक्त सहयोग जुटाउन सहयोग गर्ने नमस्ते कम्युनिटी फाउन्डेसन, मेघा बैंक , कास्की जिज्ला कवाडी संघ, पृथ्वी राजमार्ग बस संचालक कम्पनि, नेलम्बो नेपाल लगायतका संघ संस्थालाई संयोजक खड्काले धन्यवाद ज्ञापन गरेका छन्। साविक लेखनाथ नगरपालिकाको भवनमा महानगरकै २७ नम्बर वडा कार्यालय बस्दै आएको थियो । साविक लेखनाथ नगरपालिकाको ३६ रोपनी क्षेत्रफलको उक्त जग्गामा महानगरले यसअघि महानगर अस्पताल र विशिष्टीकृत बाल अस्पताल बनाउने गरी निर्णय गरेको थियो । वडा कार्यालय छोडेर भाडामा घर खोज्दै हिड्नु परेको पोखरा वडा नं. २७ का वडा अध्यक्ष पूर्णकुमार गुरुङ्गले बताए।

महामारीमा जनता बचाउनु ठुलो कुरा भएको बताएका उनले वडा कार्यलय अनेत्र व्यबस्थापन गर्ने उनले जनाए। लायन्स क्लवले गण्डकी क्षेत्रका क्लवहरुलाई अभियानमा सहयोग गर्न आब्हान समेत गरेको थियो।

## सात...

ठहर भएको हो। आदेशमा भनिएको छ, "नेपालको संविधानको धारा ७८ को उपधारा १,२,३ को व्यवस्था, संविधानको मूल मर्म र भावनको विपरीत भएको देखिँदा त्यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्म यसरी प्रत्यर्थीहरूलाई मन्त्री बनाउन सिफारिश गरी नियुक्ति गरिएको र शपथग्रहणलगायतका कार्यहरू संविधान अनुकूल नरहेकोले मन्त्रीको हैसियतमा कुनै पनि कामकारवाही नगर्नू, गर्न नदिनू।" नेपालको संविधानको धारा ७८ (१) मा संघीय संसद्को सदस्य नरहेको व्यक्तिले मन्त्री पदको शपथ खाएको ६ महिनाभित्र संघीय संसद्को सदस्यता लिनुपर्ने व्यवस्था छ। सोही धाराको उपधारा १ बमोजिम नियुक्त मन्त्रीले ६ महिनाभित्र संसद्को सदस्यता प्राप्त गर्न नसकेमा तत्काल कायम रहेको प्रतिनिधिसभाको कार्यकालभर पुनः मन्त्री पदमा नियुक्तिका लागि योग्य नहुने भनिएकाले सात मन्त्रीको नियुक्ति संविधानको भावना विपरीत रहेको अदालतले ठहर गरेको छ ।

आदेशमा मुद्दाको अन्तिम किनारा नलागेसम्म सात मन्त्रीको पद स्वतः रिक्त भएको छ । सर्वोच्च अदालतको गत फागुन २३ को फैसलापछि सात नेता नेकपा(माओवादी केन्द्र)मा नफर्की नेकपा(एमाले)मा प्रवेश गरेका र सांसद पद खारेज भएपछि पनि प्रधानमन्त्री केपी शर्मा ओलीको पछिल्लो मन्त्रिपरिषद्मा शपथ लिएका थिए।


## दर्ता नगराई उद्योग तथा व्यापार-व्यवसायसञ्चालन नगर्ने सम्वन्धि सूचना

गण्डकी प्रदेशभित्र सञ्चालनमा रहेका तर दर्ता नभएका सबै उद्योग, व्यापार-व्यवसायहरु प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ र औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम यथाशिघ्र सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गर्न सम्वन्धित सबैलाई आह्वान गरिन्छ। अन्यथा प्रचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा यसै सूचना बमोजिम सूचित गरिन्छ।


**अनुरोधक**
**प्रदेश सरकार**
**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**
**गण्डकी प्रदेश, पोखरा**
**सम्पर्क नः ०६१–४६७६५४, ०६१–४६७६६९, ०६१–४६७६७०**
**इमेलः** moitfe4@gmail.com

## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# भोज र जमघट संक्रमणको कारक

–हरि बाँस्तोला
पोखरा, ६ जेठ (रासस)

गण्डकी प्रदेशमा पछिल्लो दिनमा कोरोना सङ्क्रमण बढ्नमा विवाहलगायतका भीडभाडका कार्यक्रम प्रमुख कारकका रूपमा देखिएका छन् ।

पछिल्लो समयमा प्रदेश भित्रका विभिन्न जिल्लामा विवाह, ब्रतबन्ध, चौरासी पूजा, रुद्रीलगायत समाजमा हुने विभिन्न शुभकार्यमा हुने जमघट र त्यससँगै जोडिएका भोजभतेर एवं दाहसंस्कार जस्ता कार्यक्रमका भीडभाडले डरलाग्दो किसिमले सङ्क्रमण बढाएको हो ।

बागलुड जिल्लाको वडिगाड गाउँपालिका वडा नं. ४ का एकैघरका चार जनाको कोरोना सङ्क्रमणबाट मृत्यु भएको छ । विवाहमा सहभागी भएका उनीहरूको एक हप्ता भित्रै मृत्यु भएको हो । मृत्यु हुनेमा ८७ वर्षीय बाबु, ५१ र ४० वर्षीय दुई छोरा तथा ५३ वर्षीय छोरीको मृत्यु भएको हो । सोही विवाहमा भोज खाएकी उक्त गाउँकी ७७ वर्षीय महिलाको पनि मृत्यु भएको स्थानीयवासीले जनाएका छन् । सो विवाहमा सामेल ४८ जनाको पिसिआर परीक्षण गरिएकामा ३० जनाको रिपोर्ट पोजेटिभ देखिएको थियो। पोखरा महानगरपालिका–२१ मा विवाहमा लगायत विभिन्न सांस्कृतिक कार्यमा सहभागिमा १०३ जनामा कोरोना सङ्क्रमण देखियो । विवाहमा सम्मिलित जन्तिमात्र नभइ रत्यौली खेल्ने महिला, कर्मकाण्ड गर्न गएका पण्डितलाई समेत कोरोना सङ्क्रमण भएको पाइयो ।

कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका–५ झोवाङ्मा वैशाख महिनामा विवाह, रुद्री, ब्रतवन्धका साथै चौतारी र पोखरीको समेत विवाह भयो । त्यस्ता धार्मिक कार्यक्रममा गाउँलेका साथै टाढाबाट आफन्तजन पनि सहभागी बनेका थिए । महिना भरिनै जन्ती जाने, रत्यौली खेल्ने, ब्रतबन्धलगायत कार्यक्रम निरन्तर चले, कतिपय त भोलिपल्ट प्रीतिभोजमा समेत सम्मिलित भए । त्यस्ता रमाइला कार्य गर्दा सजगता नअपनाएकै कारण गाउँभरि कोरोना संङ्त्रलमण फैलियो । ती कार्यमा स्वास्थ्य सावधानी अपनाइएन । जसका कारण गाउँलेहरूमा एकैचोटी कोभिडले भयावह रूप लियो । वैशाख २४ गते लिइएको पछिल्लो पिसिआर परीक्षणको नतिजा २८ गते आउँदा त्यहाँका २१ जनामा कोभिड पोजेटिभ देखिएको थियो । थप ६१ जनाको स्वाब लिएर परीक्षणका लागि पठाइएको छ रिपोर्ट आउन बाँकी । गाउँपालिकाका अध्यक्ष युवराज कुँवरका अनुसार सामाजिक रीतिरिवाज मान्ने क्रममा ख्याल नपुर्‍याउँदा मानव स्वास्थ्यमा गम्भिर समस्या देखिएको हुँदा रोकथामका लागि प्रयास भने जारी राखेको बताउनुभयो ।

प्रकोप प्रभावित झोवाङ्मा सङ्क्रमण फैलिन नदिनका लागि स्वास्थ्यकर्मीसहित जनप्रतिनिधि, आमा समूह, युवा क्लबको सक्रियतामा घरघरमा पुगेर स्वास्थ्य परीक्षण गर्नुका साथै आवश्यक औषधी समेत वितरण गरिएको उहाँले जानकारी दिनुभयो ।

गाउँपालिका र मातहातका कार्यालयबाट प्रदान गरिने अत्यावश्यक बाहेकमा अन्य सम्पूर्ण सेवा बन्द गरिएको छ। अत्यावश्यक र स्वास्थ्य सेवालाई भने उच्च प्राथमिकतामा राखेको अध्यक्ष कुँवरले जानकारी दिनुभयो। अहिले झोबाङ गाउँ पूरै सिल गरिएको छ। गाउँ छिर्ने पाँच नाका समेत बन्द गरिएको छ।

पछिल्लो दिनमा माथि उल्लेखित यी घटना त केवल नमूना उदाहरण मात्र हुन् प्रदेशका विभिन्न जिल्ला र स्थानमा कोरोना सङ्क्रमण बढ्नुमा यिनै सामाजिक तथा सांस्कृतिक कार्यक्रम प्रमुख कारणका रूपमा देखिएका छन् ।

यस वर्षको पात्रोमा वैशाख महिनाको १०, ११, १७ र २४ गते विवाह लगायत शुभकार्यका लागि उत्तम दिन मानिएको थियो । सोही अवसरमा बढी मानिसको जमघट हुनुको साथै भोजभतेरमा सहभागी बनेको पाइएको थियो भने जेठ महिनाका ७, ८, १०, १५, २०, २१ र २२ गते विवाहका लग्न तथा ९ र ५ गते ब्रतबन्ध मुहुर्त तथा बुद्ध जयन्ती र गणतन्त्र दिवस समेत परेको कारण कोरोना सङ्क्रमण बढ्ने सम्भावनालाई ध्यान दिएर यस्ता पर्वमा सरोकारवालाको विशेष ध्यान जानु जरुरी देखिएको छ । धार्मिक तथा सामाजिक संस्कारमा विगतको जस्तै जमघट हुने बाजा गाँजा, नाचगान सहित रमाईलो गर्दा कोभिड सङ्क्रमण छिटो फैलिने हुँदा त्यसबाट सजक बन्नुपर्ने र जोगिनका लागि नेपाल सरकारले जारी गरेका प्रत्येक स्वास्थ्य मापदण्ड पूर्णरूपमा पालन गर्नुपर्ने नागरिक अभियन्ता रामबहादुर पौडेल बताउनुहुन्छ ।

“सानो झिल्को आगोले बन जङ्गल सखाप पारे जस्तै भेला तथा जमघटले विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको सङ्क्रमण बढाउने हुँदा सबै पक्षले सतर्कता अपनाउनु आवश्यक छ”, उहाँले भन्नुभयो, “कर्मकाण्ड गर्ने पण्डितदेखि जनप्रतिनिधि, प्रशासन र नागरिक समाजले त्यस्ता गतिविधिलाई निरुत्साहित गर्नेतर्फ समयमा नै सोच्नु अपरिहार्य छ।”

मानव अस्तित्वमाथि नै संकट देखिने गरी फैलिएको कोरोना भाइरसको सङ्क्रमण फैलिन नदिन प्रत्येक व्यक्ति सचेत र सतर्क हुनुपर्नेमा जोड दिँदै उहाँले आफ्ना टोल तथा छिमेकमा त्यस्ता गतिविधि सञ्चालन गर्न निरुत्साहित गनुपर्नेमा जोड दिनुभयो । उलङ्घन गरेको पाइएमा तत्काल प्रशासनलाई जानकारी दिएर नागरिकको दायित्व पूरा गर्न उहाँले आग्रह गर्नुभयो ।

सिमित स्रोत साधनको बाबजुद कोरोना सङ्क्रमण नियन्त्रणमा सरकारले पहल गर्दागर्दै पनि केही गरेन भनेर सामाजिक सञ्जालमा प्रचारप्रसार गर्नुभन्दा सङ्क्रमण फैलाउन सघाउने धार्मिक एवं सास्कृतिक कार्यक्रममा हुने जमघटलाई रोक्न तथा स्वास्थ्य मापदण्ड अपनाउने तर्फ सबै सचेत बन्नुपर्नेमा नागरिक अभयन्ताको जोड छ । प्रदेशमा कोरोनाबाट मंगलवार एक हजार ६३५ जनाको परीक्षण गरिएकोमा ९५९ जनामा संङक्रमण पुष्टि भएको छ भने ४२९ जनाले कोरोना जितेका छन् । होम आइसोलेसनदेखि आइसियुसम्मका बिरामी निको भएको प्रदेश कोरोना नियन्त्रण तथा रोकथाम कार्यक्रमका प्रजक्ता डा. विनोदविन्दु शर्माले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रदेशमा सङ्क्रमणबाट सोमवार २४ जानाले ज्यान गुमाएका थिए भने मङ्गलबार गण्डकी प्रदेशमा मृत्यु दर घटेको छ जसमा १५ जनाले ज्यान गुमाएका छन् । प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार अघिल्लो दिन सबैभन्दा बढी कास्कीमा आठ जनाको ज्यान गएका थिए भने दोस्रो दिन भने दुई जनाको मृत्यु भएको थियो । मङ्गलबार पोखराका विभिन्न अस्पतालमा नौ जनाको मृत्यु भएको थियो । त्यसै गरि मुस्ताङ अस्पतालमा दुई, नवलपरासी पूर्वको अस्पतालमा एक, बाग्लुङ अस्पतालमा एक, तथा तनहुँ र नवलपुरमा होम आइसोलेशनमा एक । एक जना गरी पछिल्लो २४ घण्टामा प्रदेशमा १५ जनाको कोरोनाका कारण मृत्यु भएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

# लमजुङमा २४ घण्टामा ८६ पटक भूकम्पको धक्का

पोखरापत्र संवाददाता
लमजुङ, ६ जेठ

गण्डकी प्रदेशअन्तर्गत पहाडी जिल्ला लमजुङमा कोरोना सङ्क्रमण र निषेधाज्ञाका बीच २४ घण्टामा सानाठूला गरी ८६ पटक भूकम्पको धक्का महसुस गरिएको छ।

जिल्लाको मर्स्याङ्दी गाउँपालिकास्थित भुलभुले केन्द्रविन्दु बनाएर बुधबार बिहान ५ बजेर ४२ मिनेटमा ५ दशमलव ८ रिक्टर स्केलको भूकम्प गएयता आज बिहान ५ बजेर ५१ मिनेटसम्मको अवधिमा यतिका सङ्ख्यामा भूकम्पको धक्का महसुस भएको हो ।

राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका अनुसार यस अवधिमा चार रेक्टरभन्दा माथिका ६ वटा र सो भन्दा कम रेक्टरका ८२ वटा भूकम्पका धक्का गएको छ। चारभन्दा माथि बुधबार बिहान ५ बजेर ४२ मिनेटमा ५ दशमलव ८, ८ बजेर १६ मिनेटमा ४, ८ बजेर १७ मिनेटमा ४ दशमलव १, ८ बजेर २६ बजेटमा ५ दशमलव ३, बुधबार राति ९ बजेर २३ मिनेटमा ४ र १० बजेर ३९ मिनेटमा ४ दशमलव ५ रिक्टर स्केललको भूकम्प गएको उक्त केन्द्रले जनाएको छ । केन्द्रका अनुसार आज बिहान ५ बजेर ५१ मिनेटमा ३ दशमलव २ रिक्टर स्केलको भूकम्प गएको छ।

यसरी पटकपटक भूकम्प जाँदा त्रासले जिल्लाबासी त्रसित भइरहेका छन् । बुधबार बिहानदेखि साँझसम्म नै भूकम्पको त्रासले आजित बनाएको जिल्लाबासीलाई रातिको समयमा समेत पटकपटक भूकम्पको धक्का जाँदा राम्रोसँग सुत्न त के, घरभित्र बस्न पनि समस्या भयो । कतिपय स्थानीयवासी रातभरि घरबाहिर नै सुते भने कति नसुति भित्र बाहिर गरिरहे । जिल्लामा भूकम्प जाँदा सहजरूपमा बाहिर बस्न सक्ने अस्थिति समेत थिएन । रातिको समयमा वर्षा भइरहेकाले थप समस्या भएको स्थानीयवासीको भनाइ छ। यति कुराको मात्र डरले सीमित छैन जिल्लावासी। कोरोना सङ्क्रमणको जोखिम उच्च भएको भन्दै सरकारले निषेधाज्ञासमेत जारी गरेको छ । सङ्क्रमणको जोखिम र निषेधाज्ञाका क्रममा घरबाहिर ननिस्कनरभीडभाडनगर्नबताइएको छ।

यही बीचमा भूकम्प जाँदा जिल्लाबासी घरबाहिर भीडभाड गरेर बस्न बाध्य भए । कोरोना सङ्क्रमण परीक्षण नगरेकाहरुलाई सङ्क्रमणको जोखिम भए सबैलाई सर्ने उच्च सम्भावनाले पनि मन आत्तिएको बैंसीशहर नगरपालिका–८ की सिर्जना श्रेष्ठको भनाइ छ । उहाँले भन्नुभयो, “कोरोनाको यस्तो जोखिम मोलेर पनि भूकम्प आउँदा बाहिर निस्किएर अन्य स्थानीयवासी भएकै ठाउँमा गएर बस्ने र भूकम्प धक्का कम भएपछि घरभित्र गर्ने गरेर राति बिताइयो ।” सिर्जना जस्तै समस्या अधिकांश जिल्लाबासीको पनि उस्तै हो । जिल्लामा छ जना घाइते भए भने २०० घरमा क्षति पुग्यो । भूकम्प पटकपटक जानाले अझै घर तथा मानवीय क्षति हुन्छ कि भन्ने डरमा यहाँका स्थानीयवासी रहेका छन् । यता भूकम्प मापन तथा अनुसन्धान केन्द्रले समेत भूकम्पको धक्का अब रोकिन सक्छ वा अझै ठूलो आउन सक्छ यकिन भन्न सक्ने अवस्था नभएको जानकारी दिएको छ । प्रमुख जिल्ला अधिकारी होमप्रसाद लुइँटेलले सबैजना सुरक्षित, सतर्क र सजग भएर बस्नुपर्ने बताउनुभयो । उहाँले यो विपद्को घडीमा सबैलाई एकजुट भएर अघि बढ्न र नआत्तिनलाई आग्रह गर्नुभएको छ।

# माओवादी केन्द्रका प्रवक्ता श्रेष्ठद्वारा गोरखा अस्पताललाई स्वास्थ्य सामग्री प्रदान

पोखरापत्र संवाददाता
गोरखा, ६ जेठ

नेकपा (माओवादी केन्द्र)का प्रवक्ता नारायणकाजी श्रेष्ठले गोरखा अस्पताललाई स्वास्थ्य सामग्री प्रदान गर्नुभएको छ।

गोरखा अस्पतालमा पुगेर प्रवक्ता श्रेष्ठले बुधबार एक हजार थान एन्टिजेन किटसहितका स्वास्थ्य सामग्री अस्पताललाई उपलब्ध गराउनु भएको हो ।

एन्टिजेन किटको अभावमा अस्पतालमा कोरोनाका शकांस्पद नागरिकहरूको तत्काल परीक्षण गर्न अभाव भएको जानकारी पाएपछि प्रवक्ता श्रेष्ठ किट बोकेर अस्पताल पुग्नु भएको हो। प्रवक्ता श्रेष्ठले स्वास्थ्य सामग्री अस्पतालका डा. अजयराज गौतमलाई हस्तान्तरण गर्नुभएको हो । अस्पताललाई अक्सिजन कन्सन्ट्रेटर, ४० लिटरका १० थान अक्सिजन सिलिण्डरलगायत सामग्रीसहित एन्टिजेन किट प्राप्त भएको डा. गौतमले जानकारी दिनुभयो । अस्पताललाई प्राप्त भएको महत्वपूर्ण सामग्रीले बिरामीको उपचारमा सहयोग पुऱ्याउने डाक्टर गौतमले बताउनुभयो। गोरखा अस्पतालमा बिरामीको उपचारका लागि आइसोलेन बेडको अभाव भएपछि प्रवक्ता श्रेष्ठको निर्देशनमा वेड थप गर्ने काम भइरहेको छ भने अस्पतालमा अक्सिजन प्लान्टसमेत जडान गरिएको छ।

# ‘भूकम्प आएपछि सुतेकै बेला घरले थिचेछ’

–जनक श्रेष्ठ
लमजुङ, ६ जेठ

लमजुङको मर्स्याङ्दी गाउँपालिका–५ घेर्मु घर भई हाल बैंसीशहर नगरपालिका–६ चनौटेमा बस्दै आउनुभएका ३६ वर्षीय उमा गुरुङ आफ्नो घरको पालिमा बनाइएको एक कोठामा छोरी श्रृतीसित सुत्ने गर्नुहुन्छ।

उमा सँधै बिहान उठेर घरधन्दा गर्नुहुन्थ्यो तर बुधबार बिहान अवेरसम्म सुतिरहनुभयो । घरमा भएको उमाकी आमा उठेर घरधन्दा गर्न लाग्नुभयो। छोरी श्रृती भने मनिङवाकमा जानुभयो। उमा भने मस्त निन्द्रमै हुनुहुन्थ्यो।

छोरी निस्किएको एक मिनेटमै अर्थात् ५ बजेर ४२ मिनेटमा लमजुङ मर्स्याङ्दी गाउँपालिका–८ भुलभुले केन्द्रबिन्दू बनाएर ५ दशमलव ८ रेक्टरको भूकम्प गयो । निन्द्रमै भएकी उमालाई घरको पुतली गाह्रो भत्किएर ढुंगामाटा हित खस्दा पालिमा रहेका जस्तापाता र ढुंगामाटाले पुर्‍यो । ‘‘शरीर पुरिनै लाग्दा बल्ल थाहा पाएछु ।’’ उहाँले राससँग भन्नुभयो, ‘‘एकछिन त आत्तिएँ । मुखैभरी माटाले भरिएको थियो । बोल्न त के श्वास फेर्न पनि सकिएन। विस्तारै हातले अनुहारको केही माटा हटाउन सके अनि अल्लि बोल्न भयो। अब त मर्ने भएँ । म परेपछि मेरा सन्तान के गर्लान् भन्ने पीर लाग्यो। त्यसपछि झन् आत्तिएँ।’’ उहाँले छिटो मलाई उद्धार गर भनेर चिच्याएपछि स्थानीयवासी छोराछोरी आएर उद्धार गरेका थिए, ‘‘ठूलो दशाग्रह लागेको रहेछ तर भाग्य बलियो भएर बाँचे’’ उमाले भन्नुभयो। उहाँको पाँच जनाको परिवार छ । सो दिन उमाका श्रीमान कामको शिलशिलामा मनाङ जाने भनेर चाँडै उठेर जीप चलाएर सामानसहित मनाङतर्फ जाँदै हुनुहुन्थ्यो । सोही भूकम्प गएको केन्द्रबिन्दू आसपासमा पुग्दै गर्दा श्रीमती घाइते भएको खबर आएपछि जीप साथीलाई चलाउन दिएर फर्किएको उहाँले बताउनुभयो । आमाले भूकम्प आएको थाहा पाउना साथ उमालाई भन्दा उमाको जेठी छोरी सुतिरहेकाले भित्र उठाउन गएको र छोरीलाई पनि सो घटना हुनबाट बचाउन सफल हुनुभएको थियो । उमा उपचारपछि अहिले अस्पतालबाट घर फर्कनुभएको छ। उमा यतिबेला उहाँ घर नजिकै सानो बाँसले बारेको कटेजमा बस्दै आराम गरिरहनुभएको छ । उक्त भूकम्पले उहाँ मात्र नभई जिल्लाका पाँच जना घाइते भए । दुई सयभन्दा बढी घरमा क्षति पुग्दा सयौं स्थानीय मर्कामा परेका छन्।

# कांग्रेसद्वारा निर्वाचन आचारसंहिता उल्लंघन गर्नेलाई कारवाही माग

रासस
काठमाडौं, ६ जेठ

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले राष्ट्रियसभा सदस्यको उपनिर्वाचनका मौन अवधिमा उम्मेदवारको प्रचारप्रसार गर्नेलाई कारवाही गर्न निर्वाचन आयोगसँग आग्रह गरेको छ।

कांग्रेस संसदीय दलले दलको बुधबारको बैठकको निर्णयानुसार आज आयोगलाई पत्र लेखी निर्वाचन आचारसंहिता, २०७२ को दफा ५ घ (३) र (५) र दफा (६) विपरीत कार्य गर्ने जोकोहीलाई कारवाहीका लागि अनुरोध गरिएको जनाइएको छ। वाग्मती प्रदेशमा राष्ट्रियसभाको रिक्त एक सदस्यका लागि आज मतदान हुँदैछ । निर्वाचन आचारसंहिताले मतदान हुनुपूर्व ४८ घण्टालाई मौन अवधिको समय तोकेको छ। सो अवधिमा निर्वाचन प्रचारप्रसार, सामाजिक सञ्जाल वा कुनै पनि विद्युतीय माध्यमबाट समेत मत माग्न निषेध गरिएको छ।

कांग्रेस संसदीय दलले प्रधानमन्त्रीले नेकपा(एमाले)का अध्यक्षको हैसियतले र मन्त्री कृष्णगोपाल श्रेष्ठले सार्वजनिक अपिलमार्फत मौन अवधिमा आफ्ना उम्मेदवारका पक्षमा मत मागेको आरोप लगाउँदै निर्वाचन आचारसंहिता पालना गर्नु सबैको साझा कर्तव्य भएको र स्वतन्त्र, स्वच्छ र मर्यादित निर्वाचन सम्पन्न गर्नु सरकारको दायित्व भएको स्मरण गराएको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्म:
वि. स. १९९२/१२/०१ गते

स्वर्गारोहण:
वि.स. २०७८/०१/२६ गते

स्व: नन्दलाल सापकोटा

हाम्रा आदरणीय मित्र फेवा बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्था लि. सृजनाचोक पोखरा–८ का शेयर सदस्य एवं प्राविधिक इन्जिनियर आनन्द प्रसाद सापकोटाका बुबा तथा शेयर सदस्य तारा पराजुली (सापकोटा)का ससुराबुबा भरतपुर महानगरपालिका वडा नं. १० सृजनाचोक निवासी अति मिलनसार मृदुभाषी सहयोगी **नन्दलाल सापकोटा** को ८६ वर्षको उमेरमा असामयिक स्वर्गारोहण हुनुभएकोमा हामी फेवा सहकारी परिवार अति मर्माहत एवं स्तब्ध भएका छौं यस दुःखद घडिको आज १३ औ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

क्या. चन्द्र प्रसाद गुरुङ
अध्यक्ष एवं
**फेवा बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्था लि.**
**सृजनाचोक पोखरा-८ परिवार पोखरा**